माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email:mailung@sanimahydro.com , Website : www.sanimamailung.com

तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको मिति २०८३ कार्तिक १९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको तेह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८३ मंसिर २१ गते सोमबार (तदनुसार ०७ डिसेम्बर, २०२६) ।
समय : बिहान ११:०० बजे ।
स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौ ।

वार्षिक साधारण सभाका प्रस्तावहरु :

(क) साधारण प्रस्तावहरु :

१. तेह्रौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८२/८३ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना महिला सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१. कम्पनीको उद्देश्य थप सहित प्रबन्धपत्रमा संशोधन गर्ने ।
२. शेयरको समूह विभाजन सम्बन्धी कम्पनीको प्रबन्धपत्रको दफा ६ (५) र ६(६) तथा नियमावलीको नियम ३१(१) र ३१(२) मा संशोधन गर्ने ।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०८/०८ गते मंगलवार (24 November 2026) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०८/०७ गते सोमवार (23 November 2026) गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोली शेयर अभौतिकीकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेबसाइट www.sanimamailung.com मा पनि हेर्न सक्नु हुनेछ ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, का.म.न.पा. वडा नं. ०४, धुम्बाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।
८. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला (ब्याग) नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला (ब्याग) र शरीर जाँच गर्न सक्नेछन् ।
९. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने महिला सञ्चालक पदमा १ (एक) जनाको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।
१०. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिई प्रचलित कानुन तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य महिला हुनु पर्दछ । निज शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित कम्पनीले तोकेको ढाँचामा कम्पनीको केन्द्रीय कार्यालय, का.म.न.पा. वडा नं. ०४, धुम्बाराही, काठमाण्डौमा अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, का.म.न.पा. वडा नं. ०४, धुम्बाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनका निमित्त प्रकाशित संक्षिप्त वार्षिक आर्थिक विवरण :

आदरणीय शेयरधनी महानुभावहरु,

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्डको निर्देशन बमोजिम आर्थिक वर्ष २०८२/०८३ को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards–NFRS) अनुसार वित्तीय विवरण तयार गरी सोही बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ ।

STATEMENT OF FINANCIAL POSITION
As at Ashadh 32, 2083 (July 16, 2026)

Particulars	Amount in NPR	
	As at 2083.03.32	As at 2082.03.32
Assets		
Non Current Assets		
Property, Plant & Equipment	11,122,009.95	13,638,446.57
Intangible Assets	2,663,246,125.02	2,770,673,085.72
Intangible Assets under development	112,625,549.96	103,119,198.36
Right of use Assets	7,769,142.28	8,727,485.28
Financial Assets	300,000.00	300,000.00
Total Non Current Assets	**2,795,062,827.21**	**2,896,458,215.93**
Current Assets		
Financial Current Assets		
Sundry Debtor and Receivables	85,456,268.10	46,980,121.30
Cash and Cash Equivalents	212,338,196.26	172,837,084.73
Other Financial Assets	2,428,000.00	3,377,000.00
Non- Financial Current Assets		
Other Current Assets	17,719,059.58	15,430,365.53
Current Tax Assets	3,107,464.81	2,914,748.92
Total Current Assets	**321,048,988.75**	**241,539,320.48**
Total Assets	**3,116,111,815.96**	**3,137,997,536.40**
Equity and Liabilities		
Equity		
Share Capital	1,000,000,000.00	1,000,000,000.00
Other Equity		
Retained Earnings	3,125,445.42	(106,788,129.57)
Other Reserves	2,850,932.62	1,556,310.25
Total Equity	**1,005,976,378.04**	**894,768,180.68**
Liabilities		
Non Current Liabilities		
Financial Liabilities		
Non current Borrowings	1,913,457,145.09	2,028,623,145.09
Provisions	661,031.00	525,082.00
Lease Liabilities	8,325,325.55	8,885,646.64
Total Non- Current Liabilities	**1,922,443,501.64**	**2,038,033,873.73**
Current Liabilities		
Other Financial Liabilities		
Current Borrowings	137,468,000.00	126,002,000.00
Lease Liabilities	560,321.10	454,640.20
Other Financial Liabilities	47,671,993.92	77,603,524.98
Other Current Liabilities	1,991,621.27	1,135,316.81
Total Current Liabilities	**187,691,936.29**	**205,195,482.00**
Total Liabilities	**2,110,135,437.92**	**2,243,229,355.72**
Total Liabilities and Equity	**3,116,111,815.96**	**3,137,997,536.40**

STATEMENT OF PROFIT OR LOSS
For the Period ended Ashadh 32, 2083 (July 16, 2026)

Particulars	Current Period	Previous Period
Revenue (Construction)	10,040,834.38	26,598,153.76
Cost of Sales (Construction)	(10,040,834.38)	(26,598,153.76)
Revenue from Sales of Electricity	431,136,027.19	349,560,886.18
Power Plant Operation Expenses	(49,255,026.19)	(56,578,259.07)
Gross profit	**381,881,001.00**	**292,982,627.11**
Other Income	-	357,750.00
Administrative and Other Operating Expenses	(23,204,920.56)	(20,218,015.86)
Depreciation	(3,892,411.23)	(3,039,350.75)
Amortization	(107,961,443.32)	(107,680,799.25)
Profit From Operation	**246,822,225.89**	**162,402,211.25**
Financial Income	2,257,971.13	2,224,633.98
Financial Costs	(135,439,369.10)	(171,459,064.77)
Profit/ (Loss) Before Bonus & Tax	**113,640,827.92**	**(6,832,219.54)**
Staff Bonus	(2,272,816.56)	-
Profit/ (Loss) before tax	**111,368,011.36**	**(6,832,219.54)**
Income Tax Expenses		
Current Tax	(4,875.00)	(4,888.36)
Net Profit/ (Loss) For the Year	**111,363,136.36**	**(6,837,107.90)**
Earnings per Equity share of Rs.100 each		
Basic EPS	**11.14**	**(0.68)**
Diluted EPS	**11.14**	**(0.68)**

STATEMENT OF CASH FLOW
For the Period ended Ashadh 32, 2083 (July 16, 2026)

Particulars	Current Period	Previous Period
Cash Flow from Operating Activities		
Net Profit for the Year	111,363,136.36	(6,837,107.90)
Adjustment for:		
Adjustment for Prior Period Expenses	(335,930.00)	-
Depreciation and Amortization	111,853,854.55	110,720,150.00
CSR Provision	(1,113,631.37)	-
Cash Flow from Operating Activities Before Changes in Working Capital	**221,767,429.54**	**103,883,042.10**
Cash Flow from Changes in Working Capital		
(Increase)/ Decrease in Current Assets	(40,008,556.74)	19,239,274.24
Increase/(Decrease) in Current Liabilities	(17,503,545.70)	(28,249,895.34)
Cash Flow from Operating Activities	**164,255,327.10**	**94,872,421.00**
Cash Flow from Investing Activities		
(Increase)/Decrease in Intangible Assets	(10,040,834.38)	(26,598,153.76)
Capitalisation/Purchase of Property, Plant and Equipment	(417,631.47)	(17,193,953.20)
(Increase)/Decrease in Capital WIP	-	1,146,221.48
Increase/(Decrease) in Non Current Liabilities	870,250.28	9,283,363.55
Cash Flow on Investing Activities	**(9,588,215.57)**	**(33,362,521.93)**
Cash Flow from Financial Activities		
Increase/(Decrease) in Borrowings	(115,166,000.00)	24,917,120.00
Share Issue Expenses	-	-
Issuance of Share Capital	-	-
Cash Flow from Financial Activities	**(115,166,000.00)**	**24,917,120.00**
Total Cash Generated in the Year	**39,501,111.53**	**86,427,019.06**
Opening Cash and Bank Balances	172,837,084.73	86,410,065.67
Cash and Cash Equivalent at the end of the Year	**212,338,196.26**	**172,837,084.73**